२६६

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ४३४/२०७१/०७२

बारा जिल्ला, दोहरी गा.वि.स वा.नं.८ बस्ने सर्फुल्लाह अन्सारी समेत ......................२ पुनरावेदक

विरूद्ध

प्रधानाध्यापक, श्री अमर उच्च माध्यामिक विद्यालय, बारा ........................................१ बिपक्षी
सूचना अधिकारी, श्री अमर उच्च माध्यामिक विद्यालय, बारा ....................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

बारा जिल्ला, दोहरी गा.वि.स वा.नं.८ बस्ने सर्फुल्लाह अन्सारी समेतले श्री अमर उच्च माध्यामिक विद्यालय, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउं भनी यस आयोग समक्ष मिति २०७२।०२।२४ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री अमर उच्च माध्यामिक विद्यालय, बाराका प्रधानाध्यापक र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. विद्यालयको आन्तरिक आर्थिक स्रोतहरु, उक्त स्रोतवाट प्राप्त हुने बार्षिक आम्दानीको प्रमाणित प्रतिलिपि ।
२. विद्यालयमा आ.व. २०७०।०७१ मा प्राप्त भएको छात्रबृत्ति रकम, उक्त रकमबाट छात्रबृत्ति प्रदान गरिएको विद्यार्थी संख्या, नाम, ठेगाना, कक्षा, अभिभावकको नाम र रकम सहितको विवरण भएको प्रमाणित प्रतिलिपि ।
३. विद्यालयको सूचना अधिकारीको नाम, पद, फाँट र सम्पर्क नम्बरको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार ४ गते रोज ६ शुभम् ।